मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com


## करैयामाई गा. पा. ८ मा स्यालो ट्युबबेल जडानका लागि निवेदन आव्हान सम्बन्धि सूचना।

**प्रथम पटक प्रकाशन मितिः- २०८२।०१।२६ गते**

यस कृषि ज्ञान केन्द्र, बारा बाट चालू आ.ब. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार करैयामाई गा. पा. ८ मा स्यालो ट्युबबेल जडान गर्ने कार्यक्रम रहेको हुदाँ करैयामाई गा. पा. वडा नं. ८ भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फार्म/कृषि उद्यमी/ जल उपभोक्ता समूहले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात (२०८२।०२।१६ गते सम्म) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ तथा आवेदनको ढाँचा यस कार्यालयको वेबसाईट https://bara.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँस गरेको कार्यालयको निर्दिष्ट गरेको निवेदन
२. आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. आवेदकको (समूह/सहकारी/फार्म/कम्पनीको हकमा) दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा स्थायी लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपी
४. माँग गरेको स्यालो टयुबवेल जडान हुने जग्गाको जग्गाधनी प्रमाण पत्र (सो नभए भोगाधिकार प्रमाणपत्र) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपूर्जा र जग्गाधनीको सक्कल मंजुरिनामा समेत
५. मालापोत तिरेको रसिदको प्रतिलिपि
६. समूह/सहकारी संस्था/साझेदारी फार्म तथा कम्पनीको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको प्रतिलिपी
७. समूह/सहकारी संस्था/साझेदारी फार्म तथा कम्पनीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र

<u>अनुदानका शर्तहरु</u>

१. कृषकको हकमा कृषि उत्पादनमा संलग्न २ विघा जग्गा भएको परिवार
२. एक भन्दा बढि कृषक परिवारको जग्गा मिलाएर दुई विघा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसि सहमति भएका उपभोक्ता मध्येका एक जना कृषक।
३. कृषि सहकारी/कृषक समुह/कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमि हरुको हकमा ४ विघा जग्गामा कृषि उत्पादन कार्यक्रम संचालन गरेको।
४. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
५. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

राजनारायण प्र. साह
निमित प्रमुख